# अन्तिम लेखापरीक्षण प्रतिवेदन

वागमती गाउँपालिका, मकवानपुर

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं २०९

मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
वागमती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मकवानपुर ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश ... महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्या:२०७८।७९
च.नं २७२

मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
बागमती गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय** :- हामीले बागमति गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय—व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको भएतापति समग्र आर्थिक कारोबारलाई समेट्न सकेको छैन ।

२. लेखापरीक्षणबाट रु. ११ करोड ०४ लाख ५९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख ६० हजार, नियमित गर्नुपर्ने रु.४९ लाख ०८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १० करोड ३५ लाख ३० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।१२।१९मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २१ (एक्राईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी** :- आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** :- वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायबमहालेखापरीक्षक

# लेखापरीक्षणको अन्तिम प्रतिवेदन

**परिचय :-** स्थानीय नेतृत्वकोविकास गर्दै स्थानीय शासनपद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई पर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँ पालिकाको उद्देश्य रहेको छ । वातावरणीय तथा आवासीय दृष्टिकोण, स्वच्छ, उद्यमशीलता र शैक्षिक विकासको दृष्टिकोणबाट सृजनशील र उत्पादनको सोच सहित समृद्ध वागमती गाउँपालिकाको आधार कृषि र पूर्वाधार बनाउने अवधारणा बमोजिम यस गाउँपालिकाको विद्यामान अवसर तथा चुनौतीलाई सम्बोधन गर्न दीर्घकालिन उद्देश्य सहित विकासलाई मौलिक ढाँचामा अगाडि बढाउने लक्ष्य रहेको छ। यस पालिका अन्र्तगत ९ वडा, ४९ जना गाउँसभा सदस्य, क्षेत्रफल ३११.७९ वर्ग कि.मि.तथा करिब ३१ हजार जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५३७१५५००० | ४६५१४२३२०.९१ | | ४६५१४२३२०.९१ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४१४४३३००० | ३५९१४७७१३.८७ | ० | ३५९१४७७१३.८७ |
| ११००० कर | ११ | ११८८८२००० | ८४००४००७.८७ | ० | ८४००४००७.८७ |
| १३००० अनुदान | | २८८३५१००० | २७३०८६००० | ० | २७३०८६००० |
| संघीय सरकार | १२ | २५८४४४००० | २४३१७९००० | ० | २४३१७९००० |
| प्रदेश सरकार | १२ | २९९०७००० | २९९०७००० | ० | २९९०७००० |
| १४००० अन्य राजस्व | | ६२००००० | २०५७७०६ | ० | २०५७७०६ |
| ख. अन्य प्राप्ति | | १२२७२२००० | १०५९९४६०७.०४ | | १०५९९४६०७.०४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ३१३९४९८.१६ | ० | ३१३९४९८.१६ |
| कोषहरु | | १६३४०००० | १५०३३०५४ | ० | १५०३३०५४ |
| धरौटी | | ० | ४०९१२६१ | ० | ४०९१२६१ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १०६३८२००० | ८३७३०७९३.८८ | ० | ८३७३०७९३.८८ |
| भुक्तानी (ग+घ) | | ६२८५४७००० | ४८२३६६५०७.५१ | | ४८२३६६५०७.५१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०५८२५००० | ३८६२४४८८७.६३ | | ३८६२४४८८७.६३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११५३६४००० | ११२२७७१६९.३७ | ० | ११२२७७१६९.३७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८९७८२२०९ | ५५७८८३९३.८४ | ० | ५५७८८३९३.८४ |
| २५००० सहायता (Subsidy) | १८ | ३१०८१००० | २६६१८७८८.९१ | ० | २६६१८७८८.९१ |
| २६००० अनुदान | १८ | १२२१५००० | १०९००००० | ० | १०९००००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४३०५००० | ३६२०८५७.७५ | ० | ३६२०८५७.७५ |
| २८००० अन्य खर्च | १८ | ४३१५००० | १९८२७९२ | ० | १९८२७९२ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४८७६२७९१ | १७५०५६८८५.७६ | ० | १७५०५६८८५.७६ |
| घ. अन्य भूक्तानी | | १२२७२२००० | ९६१२१६१९.८८ | | ९६१२१६१९.८८ |
| कोषहरु | | १६३४०००० | ११४९६९८९ | ० | ११४९६९८९ |
| धरौटी | | ० | ८९३८३७ | ० | ८९३८३७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १०६३८२००० | ८३७३०७९३.८८ | ० | ८३७३०७९३.८८ |
| ङ. यो वर्षको बचत (न्युन) | | -९१३९२००० | -१७२२४१८६.६ | | -१७२२४१८६.६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९३१९९८३०.३१ | | ९३१९९८३०.३१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -९१३९२००० | ७५९७५६४३.७१ | | ७५९७५६४३.७१ |
| बैंक तथा नगद बाकी | २४ | | ७६२६४८१३.७१ | | ७६२६४८१३.७१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाँउपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाँउपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । | |
| २. | **स्वीकृत ढाँचा :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६.२.१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन। | |
| २.१. | **जिम्मेवारी :-** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु.९ करोड २५ लाख ३८ हजार मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९ करोड ३१ लाख ९९ हजार जिम्मेवारी सारी रु. ६ लाख ६१ हजार बढी जिम्मेवारी सारेको देखियो। बैक रिकन्सिलिएशन तयार गरी यथार्थ मौज्दात जिम्मेवारी सारी आर्थिक विवरण यथार्थपरक वनाउनु पर्दछ । | |
| २.२. | **बैक हिसाब मिलान :-** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा बैंक हिसाब मिलान विवरण तयार गरेको छ। सो अनुसार निम्नानुसार फरक पर्न गएको देखिन्छ . बैंक स्टेटमेन्ट जम्मा हुन बाँकीको विवरण पेश गरेको छैन । उक्त विवरण पेश हुनुपर्दछ । | |

| श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार | जम्मा हुन बाँकी | साट्न बाँकी | खुद बाँकी |
|---|---|---|---|---|
| ७६२६४८१३.७१ | १०६८४५१००.८९ | ० | ३०५८०२८७.१८ | ७६२६४८१३.७१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• गाँउपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• गाँउपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाँउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• गाँउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• जिन्सी व्यवस्थापन गर्न सफ्टवयर लागु गर्नुपर्नेमा हालसम्म पनि उक्त कार्य गरेको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाँउपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| | | |
|---|---|---|
| | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• गाँउपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३.१२.२५ को परिपत्र अनुसार यस गाँउपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| | **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट | |

पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७६/३/१२ मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ५१ करोड ३७ लाख ६५ हजारको बजेट मिति २०७६.३.२८पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६/४/1 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

५. **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र गाँउपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष गाँउसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा गाँउपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ . एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

६. **क्षेत्रगत वजेट** गाँउपालिकाको क्षेत्रगत रुपमा कुल बजेट ५० करोड ५८ लाख र खर्च ३८ करोड ६२ लाख को आधारमा समग्र रुपमा ७६.३५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ । (रु. हजार)

| क स | क्षेत्रगत बजेट | रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक विकास | १९८७४ | ५ |
| २. | सामाजिम विकास | १६०२४३ | ४१.४८ |
| ३. | पूर्वाधार विकास | ९३२०३ | २४.१३ |
| ४. | सुशासन विकास | १५५०७ | ४ |
| ५. | कार्यालय संचालन तथा प्रशासनिक | ९७४१५ | २५.२२ |
| | जम्मा | ३८६२४४ | १०० |

७. **चौमासिक पूँजीगत खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
| १ | पूजिगत | १७५०५६ | ४९७८६ | १६८६९ | १०८४०१ |
| २ | चालु | २११९८८ | ४१५४० | ६०८६८ | १०८७७८ |
| | जम्मा | ३८६२४४ | ९१३२६ | ७७७३७ | २१७१७९ |

८. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाँउपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका कुल १७४ योजनाहरुमध्ये ७४ वटा योजना रु. ५ लाख भन्दा कम, ९६ वटा ५ लाख देखि ५० लाख सम्मको बजेटमा संचालन भएको देखियो । गाँउपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण

गरेको पाइएन । गाँउपालिकाले मध्यम तथा दिर्धकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

९. **लक्ष्य प्रगतिः** गाँउपालिकाले यसवर्ष १७४ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये ९ वटा योजना ठेक्काद्धारा र बाँकी १६५ योजना उपभोक्ता समिति मार्फत भएको देखिन्छ। गाँउपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन ।अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

१०. **सेवा प्रवाहः** गाँउपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | सख्या |
|---|---|---|
| १. | नागरिकता सिफरिस | १४५१ |
| २. | घरबाटो सिफारिस | २९९ |
| ३. | नाता प्रमाणित | ४११ |
| ४. | जन्म दर्ता | २१३३ |
| ५. | मृत्यु दर्ता | १९१ |
| ६. | बसाइसराई | ९८ |
| ७. | विवाह दर्ता | ८२१ |
| ८. | अन्य | २ |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

११. **कर्मचारी करार :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाँउपालिकाले ६३ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम गाँउपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर, सब इन्जिनियर, स्वास्थ्य कर्मचारी लगायत ६३ जना करारमा कर्मचारी नियुक्ती गरी रु.१३५१८०००.०० खर्च लेखेको छ ।

१२. **उपदान कोष :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि ३ जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ आषाढ सम्म ३२ महिनाको तलव भत्ता रु. २९४९७६.०० कट्टी गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भैनसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभएसकेको कारण कट्टी नगरेको गाँउपालिकाले जनाएको छ ।

| | | |
|---|---|---|
| १३. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको स्वीकृत दरबन्दी र पदपुर्तिको विवरण अनुसार गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ २५ जना र करार तर्फ ६३ जना समेत पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनयर सब इन्जिनियर, स्वास्थ्य कर्मी पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ | |
| १४. | **कर्मचारी प्रोत्साहन भत्ता :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाँउपालिकाले २०७६.०९.१६ को निर्णय अनुसार २ जना कर्मचारीलाई सुरु तलव स्केलको आधारमा ६० प्रतिशत का दरले प्रोत्साहन भत्ता वापत पौष महिना देखि फाल्गुन सम्म को लागी रु १ लाख २८ हजार खर्च लेखेको छ ।स्थानीय तहले कानून एंव कार्यविधि तयार गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउनुपर्दछ । | |
| १४.१. | प्रमुख प्रशासकिय अधिकृत लाई पौष महिना देखि फाल्गुन महिना सम्म ८४ दिनको सुरु तलव स्केलको हिसावले रु.६०४६३.२ भुक्तानी हुनेपर्नेमा रु.६४७८५.० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु. | ४३२२ |
| १५. | **न्याय सम्पादन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | |

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| ८ | १३ | २१ | ८ | ० | १३ |

| | | |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार यस वर्ष दर्ता भएका १३ विवाद मध्ये वर्ष भरि ८ वटा विवाद फछ्र्यौट भई ५ बटा बाँकी रहेको र गत वर्षको ८ समेत गरी १३ वटा विवाद निरुपण हुन वांकी देखिएकोले समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १६. | **कानून निर्माणको स्थिति :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाँउपालिकाले हालसम्म १५ वटा ऐन, २ वटा नियमावली, ३० वटा कार्यविधि तथा निर्देशिका गरी जम्मा ४७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १७. | **आन्तरिक लेखापरीक्षण :-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाँउपालिकाले यस वर्षको आर्थिक कारोबारको पूर्ण रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई | |

| | | |
|---|---|---|
| | आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १८. | **विविध खर्च :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सशर्त चालु र राजश्व बाँडफाड गरी विविध शिर्षकमा रु.१८ लाख ६ हजार खर्च गरेको छ । | |
| १९. | **स्वकीय सचिव :-** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ ।गाँउपालिकाले स्वकीय सचिव नियूक्ति गरी मासिक रु २८२००.०० का दरले बार्षिक रुपमा खर्च गरेको रु. | ३६७६०० |
| २०. | **जिन्सी व्यवस्थापन :-** गाँउपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।प्रदेश आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-६मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ ।गाँउपालिकालले जिन्सी निरीक्षण गरेको उल्लेख गरेतापनि प्रतिवेदन तयार गरेको देखिएन ।कार्यालयमा मौज्दात रहेका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी सामानको तोकिएको समयभित्र लिलाम विक्रि तथा मर्मत संभार गर्नुपर्ने एवम् कर्मचारि सरुवा हुदा जिन्सी फरफारक गरेरमात्र रमाना दिने कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २१. | **आन्तरिक आय :-** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ। जस अनुसार गाँउपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. **८६०६१७१३.८७** आम्दानी गरेको देखिन्छ। | |

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
|---|---|---|
| ११३१४ भुमिकर/मालपोत | ५०००० | १५९८७७.२३ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १०००००० | २२३८४५३ |
| ११३२१ घरवहाल कर | ५०००० | ६९७१६६.२९ |
| ११३२२ वहाल विटौरी कर | २५०००० | १०२७९९ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १००००००० | ६७२१३८४२.८४ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १६६३२००० | १३५९१८६९.५१ |
| १४२४३ सिफारिश दस्तुर | १०००००० | ८८३४८० |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०००००० | ८०१२१० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | २००००० | ३७३०१६ |
| **जम्मा** | **१२५०८२०००** | **८६०६१७१३.८७** |

आन्तरिक आय सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् ।

| | | |
|---|---|---|
| २१.१. | **व्यवसाय कर :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेता पनि व्यवसाय कर असुल गरेको देखिएन। | |
| २१.२. | **घर जग्गा बहाल कर :-** गाँउपालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार गाँउपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । गाँउपालिकाले उक्त बहाल कर को | |

| | | |
|---|---|---|
| | क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ । | |
| २१.३. | **हेवी इक्युप्मेन्ट सम्वन्धी साधनहरूको परिचालन :-** यस कार्यालय अन्तर्गत रहेको हेवी इक्युप्मेन्ट सवारी साधनहरूको समुचित प्रयोग एवं व्यवस्थापनका लागि हेभि ईक्यूपमेण्ट सवारी साधनहरूको नियन्त्रण तथा परिचालन कार्यविधि तयार गर्नुपर्ने देखिन्छ । २०७६/७७ मा गाँउपालिका अन्तर्गत रहेका ट्याङ्कर लोडर, डोजर, व्याकहोलडर, को इन्धन खरिदमा ७० लाख २७ हजार, हेवी इकुप्मेनटको ड्राइभर र हेल्पर को तलव १५ लाख १५ हजार र थप हेवी औजार भाडामा लिए बापत १९ लाख ०५ हजार समेत भारी औजारको परिचालनमा १ करोड ०४ लाख ४७ हजार खर्च भएको देखिन्छ भने आम्दानी रु २ लाख ८७ हजार मात्र रहेको छ ।औजारहरु कँहा कहा प्रयोग भएको हो,प्रयोग बापत भाडा लगाउँदा के कति आम्दानी प्राप्त भयो सोको स्पष्ट विवरण पेश हुन आएको छैन । भारी सवारी साधनबाट पालिका भित्र भाँडा नलिने गरी परिचालन भएकोमा विभिन्न ३६ वटा खेल मैदान तथा सडकहरुमा रु. २७४८६५१५.४९ बरावरको कार्य भएको विवरण पेश भएको छ ।हेभ्वी इकुप्मेन्ट परिचालन लाई थप प्रभावकारी बनाई आय बृद्धि गर्नुपर्ने देखिन्छ । | |
| २२. | **राजश्व अभिलेख :-** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन। अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ। | |
| २३. | **राजश्व परामर्श समिति :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ। राजश्व परामर्श समितिले यस आ.व.मा १ पटक बैठक बसी नितिगत छलफल भएतापनि तथ्यगत विश्लेषण गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ। | |
| २४. | **विभाज्य कोष :-** प्रदेश आर्थिक ऐन २०७५ मा मनोरन्जन विज्ञापन तथा रोयल्टी बापत प्राप्त रकमलाई विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशत प्रदेश सरकारलाई पठाई बाँकी ६० प्रतिशत आम्दानीलाई संचित कोषमा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । जसअनुसार यस आ.व. मा कार्यालयले रोयल्टी बापत रु.३१३९४९८.१६ आम्दानी गरेको देखिन्छ । उक्त रकम कालिका कन्सट्रक्सनले हेटौडा धरान चतरा सडक निर्माणको कार्यमा प्राकृतिक स्रोत ढुङ्गा गिट्टी बालुवा प्रयोग गरे बापत गाँउपालिकालाई उपलव्ध गराएको जानकारी प्राप्त भएको छ ।कति परिमाण प्रयोग गरे वापत कुन दरबाट रकम प्राप्त भएको हो सो सम्वन्धि सम्झौता लगायत आवस्यक कागजात पेश नभएकोले प्राप्त हुन पर्ने रकम एकिन गर्न सकिएन। आ व २०७७/७८ मा जम्मा हुन आएको रु. ४३०१००१.०० समेत रु. ७४४०४९९.१६ समेतको हिसाव गरी मू अ कर रु. ८५५९८५.६६ मिति २०७७.९.६ मा आन्तरिक राजश्व कार्यालय हेटौडा र बाँडफाड गर्नुपर्ने भध्येको रु. २६३३८०५.८५ मिति २०७७.९.१३ मा प्रदेश संचित कोषमा दाखिला गरेको छ । | |

## उपभोक्ता समिति मार्फत कार्य

२५. **उपभोक्ता समिति :-** गाँउपालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ ।त्यस्तै नियमावलीको नियम १२५.२ अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ ।

## गाँउपालिका पुँजिगत

२६. **ढुवानी खर्च :-** गाँउपालिकाले विभिन्न योजनाको निर्माण कार्य वापत ढुवानी खर्च एकमुष्ट राख्ने गरेको छ । ढुवानी खर्च लेख्नको कारण स्पष्ट छैन । दर विश्लेषण अनुसार खर्च लेख्नुपर्दछ ।

| भौ.नं./मिति | आयोजनाको नाम | कूल काम | ढुवानी खर्च |
|---|---|---|---|
| ७/०७६.६.१२ | गाँउपालिका भवन घेरावार | ५८७३७१५.६६ | ८०,००० |
| ९/०७६.६.१२ | महाबौद्ध आ वि | १६४३०९८ | ५०००० |
| ३५/०७६.६.१३ | १ नम्वर वडा भवन निर्माण | २६५२६३४ | १३०१६८ |
| ३६/०७६.६.१३ | बृहत खानेपानी योजना | १९४८९१३ | ९८७०० |
| ४५/०७६.६.१४ | वडा नं ३ वडा कार्यालय भवन | २६४०२३८ | १३०१६८ |
| २६०/०७७.३.२७ | बगेरी सामुदायिक स्वास्थ्य भवन | २५१२७८७ | ६०००० |
| २७६/०७७.३.२९ | भकारी डाडा देखि शान्तिपुर खा पा उ | २५९६७८७ | ६०००० |

२७. **बढी भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ४१ (ख) सार्वजनिक निकायले सरकारी रकम आवस्यक प्रमाण कागजात सहित खर्च गर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले निम्नानुसार योजनामा ढुंगा विछ्याउने कार्यको लागि दर विश्लेषण भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल हुनुपर्ने देखिएको रु. २९७८९.०

| भौ.नं./मिति | योजना | कामको परिमाण (घ.मि.) | भुक्तानी दर | दर विश्लेषण | बढी दर भुक्तानी | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ७/०७६/६/१२ | बागमती गा.पा. भवन घेराबार | ३४.२१ | २४०२ | २१७५ | २२७ | ७७६५ |
| ९/०७६/६/१२ | महाबुद्ध आ.वि. भवन निर्माण | १८.०४ | २४०२ | २१७५ | २२७ | ४०९५ |
| ११/०७६/६/१२ | ७ नं. वडा भवन निर्माण | १९.२५ | २४०२ | २१७५ | २२७ | ४३७० |
| २०/०७६/६/१२ | ५ नं. वडा भवन निर्माण | १५.१७ | २४०२ | २१७५ | २२७ | ३४४४ |
| ८२/०७६/११/१३ | पांचपाण्डव रिङ्ग रोड निर्माण | २६.३३ | २४४० | १९७५ | २६५ | ६९७७ |
| १५५/०७७/२/२१ | झुरझुरे खानेपानी निर्माण उ.स. | ११.८४ | २४४० | १९७५ | २६५ | ३१३८ |
| | | | | | जम्मा | २९७८९.० |

२८. **बढी भुक्तानी :-** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार उपभोक्ता समितिबाट गरिने काममा उपभोक्ताको जनसहभागिताको अशं समेत समावेश हुनु पर्दछ भन्ने उल्लेख छ । गाउँपालिका भवन निर्माण गर्दा रु.५०००२८२।- को इस्टिमेट तयार गरी उपभोक्ता समितिबाट रु.५०००००।- मा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । सोहि अनुसार रु.४८४७०००।- को काम सम्पन्न भएकोमा रु.४८४६७१६।- भुक्तानी दिएको छ । उपभोक्ताले जनसहभागिता अंश व्यहोरेको छैन । जनसहभागिताको अंश नव्यहोरिएको अवस्थामा उपभोक्ता समितिबाट काम गराउन उपयुक्त देखिएन । भौ.नं. १७१/०७७/२/२९ बाट रु.४३१९५७३।- भुक्तानी भएकोमा मु.अ.कर रु.५६३२८१।- समेत संलग्न छ । संलग्न कर विजक अनुसार उपभोक्ता

| | | |
|---|---|---|
| | समितिले सम्वन्धित पार्टिलाई रु.३६५४००।- मू.अ.कर भुक्तानी गरेको देखिन्छ । तसर्थ उपभोक्ता समितिलाई मू.अ.कर रु.१९७८८१।- बढी भुक्तानी दिएकोले बढी भुक्तानी भएको मू.अ.कर असूल हुनुपर्ने रु. | १९७८८१।- |
| २९. | **जिन्सी आम्दानी** :- आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ९५.१ अनुसार सार्वजनिक निकायले खरिद भएको मालसामानको विवरण तथा मूल्य खुलाई सात दिन भित्र जिन्सी दाखिला गरी आम्दानी जनाउनुपर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले निम्नानुसारको सामानको जिन्सी आम्दानी बाँधेको नदेखिएको रु. | ५०२२११ |

| भौ.नं./मिति | विद्यालयको नाम | समानको विवरण | रकम |
|---|---|---|---|
| २४७/०७७/३/२६ | सप्त कन्या आधारभूत विद्यालय फर्निचर | ६ किसिमका | १००००५ |
| | वार्ड नं. ९ वडा कार्यालय फर्निचर | ६ किसिमका | १९९९८१ |
| २६१/०७७/०३/२८ | वार्ड नं. ३ फर्निचर वल बहादुर पाख्रिन | ४ किसिमका | ७०००० |
| २६३/०७७/३/२८ | वार्ड नं. ७ फर्निचर भरत थापा | ४ किसिमका | ३८६३३ |
| २९१/०७७/३/३० | वार्ड नं. १ फर्निचर सृजनशील सोफा | ६ थरी | ९३५९२ |
| | जम्मा | | ५०२२११ |

| | | |
|---|---|---|
| ३०. | **अभिलेख** :- आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९.५ मा आवस्यक विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले निम्नानुसार निर्माण उपकरण चालकलाई उक्त साधन संचालन गरे वापत निम्न भौ.नं./मिति बाट प्रतिघण्टा रु.१००।- दरले जम्मा रु. १४८९००.०० भुक्तानी दिएको छ । इक्युपमेन्ट संचालन वापत भत्ता दिँदा कुन स्थानमा कति परिमाणको काम भएको हो खुल्नु पर्नेमा कामको परिमाण नखुलाई इक्युपमेन्ट संचालन वापत भत्ता भुक्तानी भएकोले प्रमाण पेश हुनुपर्ने रु. | १४८९०० |

| भौ.नं./मिति | दर्जा | संचालन घण्टा | विवरण | रकम |
|---|---|---|---|---|
| ११७/०७६/१२/८ | एक्साभेटर चालक दिपक गोले | ८८९ | चौडिक देखि कुर्ले बाटो | ४५००० |
| | | | ज्ञानकुञ्ज आ.वि.-गोठडाँडा बाटो | १५००० |
| | | | रातोमाटे-सुगाचुरी-अगौटे | १५००० |
| | | | लिती-त्रिशुल डाँडा मोटरबाटो | १३९०० |
| ११८/०७६/१२/९ | व्याकहो लोडर चालक लोक ब. थिङ | ७५० | पाँचपाण्डव रिङ्गरोड निर्माण | २४००० |
| | | | गुर्दुम खहरे जिम्बा टोल वस्ती | ३०००० |
| | | | भोर्लेनी रातो डाँडा खहरे नियन्त्रण | २१००० |
| | जम्मा | | | १४८९००.०० |

| | | |
|---|---|---|
| ३१. | **प्राविधिक मूल्याङ्कन** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाँउपालकाले विघुतीकरण हुन बाँकी रहेका वडाहरुमा विघुतीकरणका लागि पोल, ट्रान्सफर्मर, कन्डकक्टर आदि खरिदका लागि नेपाल विद्युत प्राधिकरणलाई गो भौ नं १६६।०७७/२/२७ बाट रु.६९९९८६३.१४ भुक्तानी दिएको छ । कार्यालयले बिद्युतिकरणको लागि चाहिने सामग्रीको आवश्यकता पहिचान गरी सो अनुसार हुने लागत अनुमान तयार गर्नुपर्नेमा तयार गरेको देखिएन । विद्युत प्राधिकरणलाई दिएको रकमको विल भरपाई कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ६९९९८६३।- |
| ३२. | **प्राविधिक मूल्याङ्कन** :- सार्वजनिक खरिद नियमावली २०६४ को १२५ अनुसार प्राविधिक मूल्याङ्कन अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले इनार निर्माण उपभोक्ता समितिलाई इनारको रिङ्ग खरिद र ढुवानी वापत निम्न भौ.नं./मितिबाट रु.३८८०००।- भुक्तानी दिएको छ । खरिद गरेका इनारका रिङ्गको जिन्सी दाखिला गरी सम्वन्धित पक्षलाई हस्तान्तरण गर्नुपर्नेमा सो गरेको छैन । अतः रिङ्ग खपतको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३८८०००.०० |

| भौ.नं./मिति | रिङ्ग संख्या | रकम |
|---|---|---|
| २३७/०७७/३/२५ | ३१३ | २९१००० |
| ३८३/०७७/३/३० | १०० | ९७००० |
| जम्मा | ४१३ | ३८८०००.०० |

३३. **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८.२ मा प्रतिष्पर्धालाई सीमित पार्ने गरी कामलाई टुक्रा टुक्रा पारी गर्नुनहुने व्यवस्था रहेको छ । गाँउपालिकाले नियम विपरित उस्तै प्रकृतिका काम टुक्रा पारी मुल्य सुचीको आधारमा सोझै गरेको छ।यस्तो सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने रु. २०८३८८०.००

| भौ.नं./मिति | काम | फर्म | जम्मा |
|---|---|---|---|
| ९९/०७६/११/२६ | फर्निचर खरिद | ज्योति फर्निचर स्टोर, हेटौडा | ४९७२०० |
| १००/०७६/११/२६ | फर्निचर खरिद | न्यू मनकामना फर्निचर उद्योग | १२७१२५ |
| १२३/०७७/१/२४ | कम्प्युटर प्रिन्टर (मेशिनरी औजार शिर्षकबाट) | इन्ध्री ग्रुप प्रा.लि. | ४९९०३७ |
| १५९/०७७/२/२२ | मेशिनरी औजार A/C | शिला इलेक्ट्रोनिक्स | १६०००८ |
| १६० | मेशिनरी औजार A/C | शिला इलेक्ट्रोनिक्स | ३९४२५७ |
| २१८/०७७/३/२२ | फर्निचर, र्याक ,दराज आदि | न्यू मनकामना फर्निचर | ४०६२३५ |
| | जम्मा | | २०८३८८०.०० |

३४. **श्रेस्ता पेश :-** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ४१.५ मा कागजपत्र तथा प्रमाण राखेरमात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले निम्नानुसारको खर्चको खरिद सँग सम्वन्धित फाईल पेश गरेको छैन ।तसर्थ फाईल अध्यावधिक गरी श्रेस्ता पेश गर्नुपर्ने रु. १८९३००००.०

| भौ.नं./मिति | विवरण | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|
| ४७/०७६/६/१५ | ग्रेडर खरिद | कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेज | १४३८५०००.०० |
| ४८/०७६/६/१५ | ट्रेलर खरिद | सिप्रदी ट्रेडिङ प्रा.लि. | ४५४५०००.०० |
| | | जम्मा | १८९३००००.०० |

३५. **कर कट्टी** :- मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ६(ग) अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संध संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु ,सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । जस अनुसार गाँउपालिकाले निम्नानुसार का आपूर्तिकर्ता सँग सम्झौता गरि परामर्श प्रतिवेदन खरिद गरेकोमा खरिद बापतको रकम भुक्तानि गर्दा मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशत कट्टी गरी बाँकी रकममात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा सवै मूल्य अभिबृद्धि कर भुक्तानी भएको छ ।अत नियम अनुसार कट्टा गर्नुपर्ने कर कट्टा नगरी मुक्तानी भएको मू.अ. कर रकमको कर समायोजनपत्र पेश गर्नुपर्ने रु. ५४५८१.००

| ब उ शि नं | भौ.नं./मिति | नाम | जम्मा भुक्तानी | भ्याट रकम | ५०% मू.अ.कर |
|---|---|---|---|---|---|
| पुँजिगत | १६३/०७७/२/२६ | जय बकैया कन्ट्रक्सन | ९९४४९९ | ५७२०४ | २८६०२ |
| चालु | ३२१/०७७.३.१ | साथीभाइ फिल्मस् प्रा लि | ३९९७१२ | ५१९६२ | २५९८१ |
| चालु | ४१९/०७७.३.२८ | रिमा डेभलोप्मेन्ट स्पोर्ट सर्भिसेस प्रा लि | ४४०००० | ५७२०० | २८६०० |
| जम्मा | | | | १६६३६६.०० | ५४५८१.०० |

## संघिय सरकार हस्तान्तरित पूँजिगत

३६. **सोलार खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ नियमावली ६४ को नियम ८४.१ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बिस लाख रुपैयासम्म लागत अनुमान भएको खरिद कार्यक गर्दा सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नु पर्ने व्यवस्था छ । नविकरण उर्जा प्रविधि कार्यक्रम अन्तर्गत भौ.नं. ९ र १० मिति ०७७/३/३१ बाट क्वालिटी रिन्युएबल इनर्जी प्रा.लि.बाट ६० थान र ग्रामिण सप्लायर्सबाट ६० थान गरी १२० थान सोलार प्यानल खरिद गरेको छ सो सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

३६.१. नियमानुसार एकमुष्ठ लागत अनुमान तयार गरी शिलवन्दी दरभाउ पत्र द्वारा खरिद गर्नु पर्नेमा

| | | |
|---|---|---|
| | शिलवन्दी दरभाउ पत्र माग गरेकोमा दाखिला हुन आएकोले सोझै खरिद गरेको पालिकाले जनाएको छ । | |
| ३६.२. | क्वालिटी रिनेयवल इनर्जी प्रा.लि.बाट खरिद गरेको सोलारमा तार प्राप्त भएको देखिएन तसर्थ तारको मूल्य प्रति थान रु.४१०।- का दरले ६० थानको रु २४६०० र बल्व २४० ओटा प्राप्त हुनु पर्नेमा १८० ओटा मात्र प्राप्त भएकोले प्रति बत्ती रु.५०।- ले ६० वटाको रु.३०००।- समेत असूल हुनुपर्ने देखिएको रु. | **२७६००** |
| ३६.३. | उक्त खरिद सोलार महाबुद्ध आधारभूत विद्यालयमा मौज्दात नै रहेकोले आवश्यकता बेगर खरिद गरेको देखिएको एवम् लामो समय प्रयोग नगर्दा सोलारको व्याट्री बारेन्टि अवधि समाप्त भइ व्याट्रि उपयोग विहिन हुनसक्ने देखिन्छ ।अत यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ । | |
| | **प्रदेश सरकार ससर्त पूजिगत** | |
| ३७. | **जनसहभागिता अंश :-** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७.४ अनुसार सम्झौता बमोजिमको जनसहभागिता अंश कट्टा गरी बाँकी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले १० प्रतिशत जनश्रमदान गर्ने नीति लिएकोले सम्झौता बमोजिम १० प्रतिशतका दरले जनश्रमदान कट्टा गरी भुक्तानी दिनुपर्नेमा बजेट रकमको १० प्रतिशत लिएकोले निम्नानुसारका केहि योजनाको भुक्तानी दिदा कार्यसम्पन्न रकमको १० प्रतिशत भन्दा कम जनश्रमदान व्यहोरेको देखियो। | |

| **योजनाको नाम** | **कार्य सम्पन्न रकम** | **१०%** | **जनसहभागिता** | **फरक** |
|---|---|---|---|---|
| गढन कुटीभकारी देउजोर फुलबारी मोटर बाटो | ३१८७११३ | ३१८७११ | ३०१९६७ | १६७४४ |
| तल्लो सातताले पुलामी टोल तटबन्धन | ३२१८४४३ | ३२१८४४ | ३१००३६ | ११८०० |
| शाखाटार-ठूलो दमार सुनठानी खा.पा. | ३०८८७९८ | ३०८८७९ | ३००७३३ | ८१४६ |
| **जम्मा** | | ९४९४३४ | ९१२७३६ | ९६६९० |

| | | |
|---|---|---|
| ३८. | **संचालन नभएको :-** शाखाटार-ठूलोदमार-सुनठानी खानेपानी योजनामा रु.३०८८७९५।- को कार्य भई उपभोक्ता समितिलाई रु.२७८८०६५।- भुक्तानी भएकोमा स्थलगत निरीक्षण गर्दा उक्त योजनामा इनार निर्माण भएतापनि बिजुली प्रयोगको लागि बिजुली मिटर जडान नभएको कारण हालसम्म योजनाबाट पानी आपूर्ति भएको देखिएन । तसर्थ यथासिघ्र मिटर जडान गरी पानी आपूर्ति गर्नुपर्छ । | |
| | **प्रदेश सशर्त चालु** | |
| ३९. | **बाल शिक्षक प्रोत्साहन :-** सामुदायिक विद्यालयका वाल शिक्षकहरुका लागि प्रोत्साहन अनुदान अन्तर्गत मासिक रु.१०००।- उल्लेख गरी ८ विद्यालयहरुलाई रु.२६०००।- र ३४ विद्यालयलाई रु.१३००० का दरले भौ.नं. १०/०७७/३/२४ बाट रु.६५००००।- भुक्तानी दिएकोमा सोको आधार एवं प्रगति प्रतिवेदन संलग्न गर्नुपर्ने रु. | ६५०००० |
| ४०. | **प्रमाण पेश** :- गाँउपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको समुदायमा आधारित पुनस्थापना कार्यक्रम अन्तर्गत भौ.नं. ११/०७७/०३/२७ बाट निम्न सामग्री खरिद गरेकोमा वितरण नगरी मौज्दातमा नै राखेको देखिएकोले वितरण गरी भरपाई पेश हुनु पर्ने | १५५८०० |

| **सामग्रीको नाम** | **परिमाण** | **दर** | **रकम** |
|---|---|---|---|
| व्हील चियर | १६ | १३००० | ७८००० |
| बैशाखी | ५० | १३०० | ३५००० |
| वाकिङ्ग स्टिक | २० | १२९० | २५८०० |
| जम्मा | | | १५५८०० |

| | | |
|---|---|---|
| | **संघिय हस्तान्तरित कार्यक्रम शिक्षा** | |
| ४१. | **सेनटरी प्याड खरिद :-** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया | |

| | | |
|---|---|---|
| | सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. ९७/२०७७.३.२८ र गो भौ नं ९२/०७७.३.२६ बाट समेत रु. १३५६१६८.०० हेल्पिङ्ग नेपाल मल्टि प्रपोज प्रा लि लाई भुक्तानी दिइ खर्च लेखेको छ ।आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगेको भन्न सकिने आधार देखिएन । गाँउपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ । | |
| ४१.१. | उक्त सामाग्रीको गुणस्तर परिक्षण गरी वितरण गर्नुपर्नेमा सो नगरी वितरण गरेको पाईयो । साथै विद्यालयगत अभिलेख खाता नभएको कारण कुन विद्यालयलाई कति मात्रामा आवस्यक थियो र सो बमोजिम वितरण भए/नभएको एकिन गर्न सकिएन । | |
| ४१.२. | सपिङ्ग मल्टि प्रपोज प्रा लि ले (विजक नं 606741565) पेश गरेको मू अ कर विल केरमेट भएको हुँदा मू.अ. कर दाखिला भएको विश्वस्त हुन कर समायोजन पत्र पेश गर्नुपर्ने रु | १०८२३८.०० |
| ४२. | **पोशाक खर्च** :- करार ऐन २०५६ अनुसार करार सम्झौतामा उल्लेख भएको शर्त बमोजिम आर्थिक लेनदेन गर्नका लागि दुवै पक्षको समान दायित्व हुने व्यवस्था रहेको छ । गाँउपालिकाले प्रदेश बजेट बाट संचालित एक विद्यालय एक नर्श कार्यक्रम मा कार्यरत नर्श श्री अनिता भोलान लाई करार सम्झौतामा उल्लेख गरेको भन्दा पोशाक खर्च बापत रु. १०००० सुविधा उपलव्ध गराएको छ । सम्झौता बेगर उपलव्ध गराएको रु | १०००० |
| ४३. | **शिक्षक विद्यार्थी अनुपात** :- शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिंनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । गाँउपालिका मातहतमा रहेका ५० बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियमानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ । | |

| सि न. | विद्यालयको नाम | सं-कक्षा | जम्मा तहको विद्यार्थी | जम्मा तहको शिक्षक दरबन्दी | सबै तहको शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| | | | कुल जम्मा | कुल जम्मा | |
| १ | श्री सूर्य मावि | ०-१० | ४२२ | १३ | ३२ |
| २ | श्री बागमती मावि | ०-१२ | ५९४ | १४ | ४२ |
| ३ | श्री देवकी मावि | ०-१२ | ५६२ | १२ | ४७ |
| ४ | श्री जनता मावि | ०-१२ | ११२९ | २१ | ५४ |
| ५ | श्री बाघभैरव मावि | ०-१० | १८९ | १० | १९ |
| ६ | श्री टंकेश्वर आवि | ०-८ | १६० | ५ | ३२ |
| ७ | श्री ज्ञानमन्दिर आवि | ०-८ | २१३ | ७ | ३० |
| ८ | श्री विष्णु आवि | ०-८ | २४९ | ८ | ३१ |
| ९ | श्री पन्चकन्या आवि | ०-८ | २६० | ४ | ६५ |
| १० | श्री गीता आवि | ०-८ | १४२ | ८ | १८ |
| ११ | श्री बागमती आवि | ०-८ | ३६१ | ५ | ७२ |
| १२ | श्री सीता आवि | ०-८ | १८१ | ५ | ३६ |
| १३ | श्री जनहित आवि | ०-८ | २२० | ७ | ३१ |
| १४ | श्री चौरा आवि | ०-८ | २८६ | ५ | ५७ |
| १५ | श्री वनदेवी आवि | ०-८ | ४०७ | ८ | ५१ |
| १६ | श्री भैंसेश्वर आवि | ०-८ | ८९ | १ | ८९ |
| १७ | श्री बालविकास आवि | ०-३ | १० | ० | ० |
| १८ | श्री आवि | ०-५ | २१२ | ४ | ५३ |
| १९ | श्री देवहित आवि | ०-५ | १२१ | ३ | ४० |
| २० | श्री नवकिरण आवि | ०-३ | ५५ | १ | ५५ |
| २१ | श्री जनज्योति आवि | ०-५ | १४ | ३ | ४ |
| २२ | श्री बुद्धिसिद्ध आवि | ०-५ | ६९ | ३ | २३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | श्री अमर आवि | ०-५ | १०३ | ४ | २६ |
| २४ | श्री फुलमंदिर आवि | ०-५ | २२ | २ | ११ |
| २५ | श्री जनश्रम आवि | ०-३ | ३२ | २ | १६ |
| २६ | श्री जनप्रभात आवि | १-३ | २८ | २ | १४ |
| २७ | श्री सुर्योदय आवि | ०-४ | ४७ | १ | ४७ |
| २८ | श्री जनकल्याण आवि | ०-५ | ११६ | ४ | २९ |
| २९ | श्री महाबुद्ध आवि | ०-५ | १५९ | ४ | ४० |
| ३० | श्री जनकल्याण आवि | ०-५ | ६६ | ४ | १७ |
| ३१ | श्री जनहित आवि | ०-३ | ५६ | २ | २८ |
| ३२ | श्री आदर्श जनप्रिय आवि | ०-४ | ९८ | १ | ९८ |
| ३३ | श्री ऋषेश्वर आवि | ०-३ | ४५ | १ | ४५ |
| ३४ | श्री माहांकाल आवि | १-३ | ३७ | १ | ३७ |
| ३५ | श्री शान्ति आवि | १-३ | ४५ | २ | २३ |
| ३६ | श्री बालविकास आवि | ०-३ | २२ | १ | २२ |
| ३७ | श्री जनसेवा आवि | ०-३ | ३५ | २ | १८ |
| ३८ | श्री जनजागृति आवि | १-५ | ५१ | ३ | १७ |
| ३९ | श्री बालज्योति आवि | ०-३ | ४६ | २ | २३ |
| ४० | श्री भैरव आवि | ०-५ | ६६ | ३ | २२ |
| ४१ | श्री चौरठाकुर आवि | ०-३ | १८ | १ | १८ |
| ४२ | श्री सरस्वति आवि | ०-४ | ६२ | २ | ३१ |
| ४३ | श्री राजदेवी आवि | १-३ | ३८ | ० | ० |
| ४४ | श्री ज्ञानकुन्ज आवि | १-३ | ३९ | ० | ० |
| ४५ | श्री जनक आवि | ०-५ | ३५ | ३ | १२ |
| ४६ | श्री भुमिमहादेव आवि | ०-५ | ६६ | ४ | १७ |
| ४७ | श्री हिमकाली आवि | ०-५ | ५१ | ३ | १७ |
| ४८ | श्री ज्ञानज्योति आवि | ०-५ | ५७ | २ | २९ |
| ४९ | श्री दक्षिणकाली आवि | ०-५ | ४७ | ३ | १६ |
| ५० | श्री सप्तकन्या आवि | ०-५ | ५९ | ३ | २० |
| | | जम्मा | ७४९१ | २०९ | ३६ |

४३.१. **थप शिक्षक :-** गाँउपालिका २० वटा विद्यालयलाई प्रति विद्यालय २ शिक्षक को तलव सुविधाको रकम वित्तिय समानिकरण चालु शिर्षकबाट रकम विनियोजन गरी रु. १८९०११२२.२५ खर्च गरेको छ। विद्यालयको एकमुष्ट विकासको लागि भौतिक पूर्वाधार क्षेत्रमा लगानी गरी सुधार गर्नुपर्नेमा चालू प्रकृतीको कार्यमा खर्च गरेको देखियो । अत विद्यालयको आवस्यकता पहिचान गरी शिक्षक समायोजनलाई समेत ध्यानमा राखेर मात्र थप अनुदान दिनुपर्ने देखिन्छ ।

४४. **न्यून जनसहभागिता :-** गाँउपालिकाको नीतिगत व्यवस्था अनुसार १० प्रतिशत जनसहभागिता हुनुपर्नेमा गाँउपालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ गीता आधारभुत मा.वि. लाई बास सुविधा सहितको शौचालय निर्माण बापत लागत अनुमान ७०४०४७.०० रहेकोमा रु६९६४६०.०० कार्य भइ रु.६९२४१३.०० भुक्तानी भएकोले निर्माण कार्यमा विद्यालयको जनसहभागिता योगदान रु. ४०४७.०० मात्र रहि न्यून रहेको देखिएको छ ।

४५. **अनुगमन पेश नभएको :-** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९.७ मा सार्वजनिक निकायले अनुदान रकम लाई खर्च गर्दा कार्यक्रम अनुरुप खर्च गरी सो को प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निम्नानुसारका सिकाइ केन्द्र लाई अनुदान वापत रकम उपलव्ध गराई खर्च लेखेकोमा सो रकम खर्च सम्वन्धमा अनुगमन भएको देखिएन ।अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. २०००००

| क स | सामुदायिक सिकाइ केन्द्र | रकम |
|---|---|---|
| १ | जागरण सामादायिक केन्द्र | १०००००.०० |
| २ | राईगाँउ सामुदायिक केन्द्र | १०००००.०० |

४६. **आइ सि टि अनुदान :-** शिक्षाको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६ को बुदा नं ९.७ अनुसार शिक्षण सिकाइमा आ सि टि को प्रयोग शिर्षकमा विद्यालयलाई अनुदान दिदा स्थानीय ६५००००

| | | |
|---|---|---|
| | तहले इन्टरनेटको पहुच भएका तथा विद्युतको नियमित आपुर्ति भएका विद्यालयबाट प्रस्ताव आव्हान गर्न लगाई सोहि आधारमा विद्यालय छनौट गरी अनुदान रकम सम्वन्धित विद्यालयलाई उपलव्ध गराई प्रस्ताव अनुसार कार्य गरे नगरेको सम्वन्धमा अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले जनहित आधारभुत विद्यालयलाई आइ सि टि अनुदान वापत रु. ६५०००००.०० उपलव्ध गराउदा उक्त प्रकृया अवलम्वन गरेको पाईएन । साथै अनुदान रकम प्रस्ताव अनुसार खर्च भए नभएको अनुगमन गरी खर्च लेख्नुपर्नेमा सो गरेको पाइएन ।अत अनुमगन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु. | |
| | **स्वास्थ्य** | |
| ४७. | **सोझै खरिद** :- सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा लाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४.१ सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निम्नानुसार विभिन्न सप्लायर्सबाट खरिद गरी रु. २४५६८१०.०० खर्च लेखेको छ । गाँउपालिकाले नियमानुसार खरिद कार्य गर्नुपर्ने रु | २४५६८१०.०० |

| क स | गो भौ नं र मिति | सप्लायर्शको नाम | विवरण | रकम |
|---|---|---|---|---|
| १. | ३८/०७६.११.२२ | ग्लोवन सर्जिकल हेल्पिङ्ग ट्रेडिङ्ग | औषधिजन्य सामाग्री | १४९९६६.०० |
| २. | ४०/०७६.११.२२ | हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा लि | औषधिजन्य सामाग्री | ४९२४५१.०० |
| ३. | ५७/०७७.२.८ | हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा लि | औषधिजन्य सामाग्री | ३४९७८०.०० |
| ४. | ७६/०७७.३.३२ | स्मिता इन्टरनेशनल | औषधिजन्य सामाग्री | ४६७२५५.०० |
| ५. | ७७/०७७.३.२३ | शाह मेडिकल हल | औषधिजन्य सामाग्री | ४९७६५०.०० |
| ६. | ७८/०७७.३.२२ | यूनिक फर्मा | औषधिजन्य सामाग्री | ४९९७०८.०० |
| जम्मा | | | | २४५६८१०.०० |

| | | |
|---|---|---|
| ४८. | **विउ पूँजि** :- स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्वन्धि कार्यक्रमहरुका लागि संचालन मार्गदर्शन पुस्तिकाको कार्यक्रम नं. ६.१७ अनुसार किशोरी महिनावारी स्वास्थ्य व्यवस्थापनको लागि स्कुलमा सेनेटरी प्याड वितरण कार्यक्रम अनुसार विनियोजन भएको रकम रु.४००००.०० लाई बिउ पूजिको रुपमा प्रयोग गरी सोही बमोजिम कोष खडा गरी सोही कोषबाट आवस्यक परिमाणमा सामाग्री खरिद गरि बितरण प्रकृया अवलम्वन गर्नुपर्ने देखिन्छ । गाँउपालिकाले कोष गठन नगरी विनियोजित रकमबाट सिधै प्याड खरिद गरी खर्च लेखेको छ । अत नियमानुसार कोष खडा गरी खर्च गर्नुपर्दछ । | |
| ४९. | **यातायात खर्च** :- अर्थ मन्त्रालयद्धारा जारी भएको कार्यक्रम कार्यान्वयन निर्देशीका २०७५ को सातौं संसोधन अनुसार सार्वजनिक निकायले विभिन्न कार्यक्रम सेमिनार गोष्ठी सञ्चालन गर्दा सार्वजनिक यातयात सुविधा भएको स्थानमा न्युनतम गाडी भाडादर र यातायतको सेवा सुविधा नभएको स्थानमा दुई दिने कार्यक्रमको लागी एकमुष्ट रु.२०० र सो भन्दा बढी अवधि सञ्चालन भएको कार्यक्रममा यातायात खर्च बापत एकमुष्ट रु.५०० पाउने व्यवस्था रहेको छ। गाँउपालिकाको स्वास्थ्य शाखाबाट सञ्चालित ३ वटा कार्यक्रममा सहभागी हरु क्रमश २५, १५ र १४ जनालाई २ दिने कार्यक्रमका लागि नियमानुसार दैनिक यातायात खर्च बापत एकमुष्ट २०० दिनुपर्नेमा प्रति व्यक्ति रु.४०० का दरले भुक्तानी दिएको छ । अत नियमानुसार कार्यमा सुधार गर्नुपर्दछ । | |
| ५०. | **ढुवानी खर्च** :- आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९.५ मा खर्च गर्दा एथेष्ट प्रमाण सहित लेखा राख्नुपर्दछ भन्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले औषधी दुवानी वापत विभिन्न ११ जनालाई १० पटकको भनी १५०० देखी २००० सम्मको दरले गो भौ नं १२७/२०७७.३.३० बाट रु. १६१०००.०० भुक्तानी गरेको छ । भुक्तानी गर्दा सम्वन्धित | १६१००० |

| | | |
|---|---|---|
| | व्यक्तिले औषधी ढुवानी गरेको र रकम बुझेको भरपाई पेश गर्नुपर्ने रु. | |
| | **मर्मत सम्भार कोष** | |
| ५१. | **प्राविधिक मूल्याङ्कन :-** गाउपालिकाले वर्षातको कारण गाँउपालिका विभिन्न स्थानमा बिग्रेको बाटोहरु मर्मत गर्नको लागि भनि सि.वि. लुम्विनि ट्रेड्स प्रा लि लाई इन्धन खरिद बापत ३८०० लि को रु. ३६१३५०.०० खर्च लेखेकोमा कुन कुन बाटोमा कति परिमाणमा काम भएको हो सो को प्राविधिक मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३६१३५०.०० |
| ५२. | **एकिकृत लागत अनुमान :-** गाँउपालिकाले डिजेल प्रेट्रोल भण्डार ट्याङ्की निर्माण समितिलाई ट्याङ्की राख्ने स्थान निर्माण वापत रु. २९३८७६.०० भुक्तानी दिएको छ । सिभिल कार्य तर्फ माटोको काम ढुंगा सोलिङ्ग पि सि सि सिमेन्ट मोर्टारको काम को रु. ३३५५४३.०० को कार्य भएकोमा जनश्रमदान र अफिसको मेसिन प्रयोग बापतको रकम कट्टी गरी रु. २९३८७६.०० खर्च लेखेको देखिन्छ । ट्याङकी निर्माण र वितरण पम्प समेतको एकिकृत लागत अनुमान तयार गरी कार्य गराउनुपर्नेमा सो गरेको पाइएन । | |
| | **गाँउपालिका चालु** | |
| ५३. | **न्यायिक समिति भत्ता :-** स्थानीय सरकार संचालन ऐन २०७४ मा न्यायिक समितिमा निर्वाचित ३ जना पदाधिकारीलाई मात्र न्यायिक समिति बैठक भत्ता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । गाँउपालिकाले न्यायिक सहजकर्तालाई ३० बटा बैठक वापत रु १९०००.०० उपलव्ध गराएको छ । यस्तो कार्यमा सुधार हुनुपर्दछ । | |
| ५४. | **खेलकुद कार्यक्रम :-** आर्थिक कार्यविधि नियमावली २०६४ को नियमा ३६.६ मा सार्वजनिक निकायले उत्पादनमूलक तथा स्थानीय जनसहभागितामूलक योजनामा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । यो वर्ष गाउँपालिकाले ९ वटा खेलकुद कार्यक्रम आयोजना गरी रु. ५५ लाख ३३ हजार खर्च गरेको देखिन्छ । यस सम्वन्धमा गत विगत वर्षमा बेरुजु औल्याएतापनि यस कार्यमा सुधार भएको देखिएन । | |
| ५५. | **समायोजन पत्र :-** मूल्य अभिबृद्धि कर ऐन २०५२ मा कृषिजन्य सामाग्रीमा मू अ कर छुटको व्यवस्था रहेको छ ।गाँउपालिकाले फापरवारी दुग्ध उत्पादन सहकारी संस्थाको दुग्ध चिस्यान सामाग्री आपुर्ति गर्ने एस एस इन्जिनियरिङ्ग एण्ड रिसर्च सेन्टर लाई गो भौ नं ४५०/०७७.०३.२९ बाट रु. १०३५९६६.०० को विल भुक्तानीमा रु. १३४६७५.५८ को मूल्य अभिबृद्धि कर भुक्तानी भएको छ । तसर्थ उक्त मू अ कर समायोजन पत्र पेश हुनुपर्ने रु. | १३४६७५.५८ |
| | **प्रकोष तथा कोरोना नियन्त्रण कोष तर्फ** | |
| ५६. | स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु १ करोड ०३ लाख ४० हजार र प्रदेश सरकारबाट रु. १० लाख गरी रु. १ करोड १३ लाख ४० हजार प्राप्त भएकोमा निम्नानुसार रु १ करोड २ लाख १८ हजार खर्च भएको छ । | |

| क सं | शिर्षक | रकम |
|---|---|---|
| १ | राहत वितरण | ०.०० |
| २ | क्वारेन्टाईन होल्डिन सेन्टर निर्माण | १००००००.०० |
| ३ | जनशक्ती परिचालन भत्ता | १८७००२०.०० |
| ४ | औषधी एंव उपकरण | १००००००.०० |
| ५ | अन्य | ७४६९९८०.०० |
| | जम्मा रकम | ११३४००००.०० |

| | | |
|---|---|---|
| ५६.१. | **सोझै खरिद तथा वितरण :-** गाँउपालिकाले निम्नानुसार गो भौ नं र मिति बाट एकै प्रकृतिका सामान विभिन्न आपूर्तिकर्ताबाट सोझै खरिद गरी सामान वितरण गरेको भनी खर्च लेखेको छ । उक्त खर्च साथ वितरण गरेको विवरण पेश भएको छैन । | |

| क्र.स. | गो भौ नं र मिति | सामानको विवरण | रकम |
|---|---|---|---|
| १. | ११/०७७.२.२ | साबुन (६४ कार्टुन) | २४४६८८.०० |
| २. | १५/०७७.२.८ | पिपिइ सेट माक्स लगातयका स्वास्थ्य सामाग्री | ४९९२४९.०० |
| ३. | २२/०७७.२.२९ | पिपिइ सेट माक्स लगातयका स्वास्थ्य सामाग्री | ४९९०३८.०० |
| ४. | २२/०७७.३.२१ | पिपिई सेट | ४९३३४६.०० |

| | | | |
|---|---|---|---|
| ५. | २९/०७७.३.२१ | पिपिइ सेट | ४९९७५३.०० |
| ६. | ३१/०७७.३.२१ | पिपिइ सेट माक्स लगातयका स्वास्थ्य सामाग्री | ७२४२२.०० |
| ७. | ३२/०७७.३.२१ | पिपिइ सेट माक्स लगातयका स्वास्थ्य सामाग्री | १४६५२२.०० |
| ८. | ३३/०७७.३.२२ | ३० बटा सालको खाट | १५००००.०० |
| ९. | ३८/०७७.३.२६ | १५ थान खाट | ७०५००.०० |
| १०. | ३९/०७७.३.२७ | २०० थान भि टि याम | ६७८००.०० |
| ११. | ४०/०७७.३.२८ | ७ सामानका सामान | ७७६९८ |
| **जम्मा** | | | २८२१०१६.०० |

५६.२. **प्राविधिक मूल्याङ्कन :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार खरिद कार्यको प्राविधिक मूल्याङ्कन पश्यात भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।गाँउपालिकाले निम्नानुसारको खरिद कार्यमा प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी गरेकोले प्राविधिक मूल्याङ्कन पेश हुनुपर्ने रु. ९९४०९३.००

| क.स. | मिति र गो.भौ.नं. | सामाग्री | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | ४१/२०७७.३.२८ | विभिन्न साइजका एच डि डी पाइप | ३००० मि | ४९८७८२.०० |
| २ | ४२/०७७.३.२८ | ग्याविन जाली | ११८ | ४९५३११.०० |
| | | | जम्मा | ९९४०९३.०० |

५६.३. **आर्थिक सहायता वितरण :-** गाँउपालिकाले आर्थिक सहायता वितरण गर्न श्री विक्रम सोराली लाई गो भौ नं ४३/०७७.३.२८ बाट रु.२७५०००.०० भुक्तानी दिएकोमा सहायता प्राप्त गर्ने व्यक्तिको विवरण ,प्रहरी मुचुल्का र वितरण भरपाइ वेगर खर्च लेखेको रु. २७५०००.००

५६.४. **सक्कल विल :-** आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९(५) अनुसार विल भरपाई सहित लेखा राखी सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले कोभिड रोकथाम तथा नियन्त्रणका लागि डेल्टा एयर कन्डिसन बर्कशपलाई विद्युत सामाग्री खरिद वापत फोटोकपि विलको आधारमा रु.१४३५५.०० भुक्तानी दिएको छ । सक्कल विल पेश गर्नुपर्ने रु. १४३५५

५६.५. **प्रशासनिक कर्मचारीलाई भत्ता :-** कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं. ३ मा स्थानीय तहमा कोरोना उपचारमा संलग्न कर्मचारी तथा अन्य जनशक्ति व्यवस्थापनमा संलग्न कर्मचारी तथा कोरना नियन्त्रण कार्यको अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न कर्मचारीलाई सो कार्यमा खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरको प्रमाणित हाजिरी पेश भएको खण्डमा शुरु तलव स्केलको ५० प्रतिशत सम्म जोखिम भत्ता दिन सक्ने व्यवस्था रहेको मा सो कार्यमा संलग्न भएको भनि विभिन्न पदका प्रशासनिक शाखामा कार्यरत कर्मचारी उक्त माथी उल्लेखित कार्यमा सरिक भएको भनि २ जना कर्मचारीलाई ५० प्रतिशत कर सहित रु.१४७७२०.०० खर्च लेखेको छ । उपरोक्त कार्यमा खटिएको प्रमाण र प्रमाणित हाजिरी पेश हुनुपर्ने रु. १४७७२०

५६.६. **जोखिम भत्ता :-** स्वास्थ्य शाखा तथा क्वारेन्टाइन कोरोना भाइरसको संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुदा नं. ४(१) स्वास्थ्य शाखा तथा क्वारेन्टाइनमा कार्य गरेको भनि जोखिम भत्ता प्राप्त गर्नको लागि सम्वन्धित कार्यमा संलग्न ब्यक्तिहरुले स्वास्थ्य संस्थामा कोरोनाले संक्रमित बिरामीको उपचार भएको प्रमाणित गर्ने कागजात र क्वारेन्टाइनमा काम गरेको भनि प्रमाणित गर्न संधिक्त सक्रमित व्यक्ति क्वारेन्टाइनमा बसेको विषय पुष्ट्याँइ गर्ने विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ३८ जना स्वास्थ्य कर्मचारीलाई शुरु तलव स्केलको ५० प्रतिशतले हुने रु.१७२२३००.०० खर्च लेखेको छ । अत ब्यक्तिहरुले स्वास्थ्य संस्थामा कोरोनाले संक्रमित बिरामीको उपचार भएको प्रमाणित गर्ने कागजात र क्वारेन्टाइनमा काम गरेको भनि प्रमाणित गर्न संधिक्त सक्रमित व्यक्ति क्वारेन्टाइनमा बसेको विषय पुष्ट्याँइ गर्ने विवरण पेश गर्नुपर्ने रु. १७२२३००

५६.७. **कोरोना जोखिम भत्ता :-** गाँउपालिकाले बन्दाबन्दीको समयमा कोरोना भाइरस विरुद्धको कार्यमा खटीएको कर्मचारीलाई प्रोत्साहन भत्ता प्रदान गर्दा लक डाउन अवधि चैत्र ११ गते देखिको प्रोत्साहन भत्ता दिनुपर्नेमा सो अवधि भन्दा अधिको १० दिनको रकम असुल गरी दाखिला गरी गर्नुपर्ने रु. १५५८३५.००

## प्रधानमन्त्री रोजगार कार्यक्रम

५७. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि उनिहरुलाई रोजगारको अवसर प्रदान गरि उनीहरुको आर्थिक विकासमा सहयोग पुर्याउने योजना संचालन गर्नुपर्नेमा कार्यक्रम संचालन भएको छैन।कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।

| क्र | आयोजनाको नाम | उ.स. को नाम | बजेट | खर्च | वितिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | १ नं. वडा भरि इनार निर्माण | १ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-१ | ४०४६७२.४ | ३३९०९६.९ | खाने पानीकोलागी १० वटा नयाँ ईनार निमाण (बनजारे, माझगाउँ र बोडगाउँ) | बागमती गा.पा.-१ को राईगाउँ र साखाटारमा १० वटा ईनार |
| २ | २ नं. वडा भरि इनार निर्माण | २ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-२ | २७९०९० | २१९१८२.४ | खाने पानीकोलागी ५ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-२ को राईगाउँ र साखाटारमा ५ वटा ईनार |
| ३ | ३ नं. वडा भरि इनार निर्माण | ३ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-३ | २७९०९० | २३२६६२.६ | खाने पानीकोलागी ५ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-३ को माझि टोल र तिन भङगालेमा ५ वटा ईनार |
| ४ | ४ नं. वडा भरि इनार निर्माण | ४ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-४ | ४७३४२६.२ | १४४२०८.३ | खाने पानीकोलागी ३ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-४ को झुरझुरेमा ३ वटा ईनार |
| ५ | ५ नं. वडा भरि इनार निर्माण | ५ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-५ | २७९०९० | २६४३४२.६ | खाने पानीकोलागी ७ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-५ को कोइराले, बगेरी र भोंलेनीमा ७ वटा ईनार |
| ६ | ६ नं. वडा भरि इनार निर्माण | ६ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-६ | ३०५९८३ | २०५७०४.६ | खाने पानीकोलागी ६ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-६ को फापरबारीमा ६वटा ईनार |
| ७ | ७ नं. वडा भरि इनार निर्माण(क) ३ वटा | ७ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-७ (क) पाथीभारा | १४१५८२.४ | ७४९८६.५ | खाने पानीकोलागी २ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-७ को पाथीभारामा २ वटा ईनार |
| ८ | ७ नं. वडा भरि इनार निर्माण (ख)४ वटा | ७ नं. वडा भरि इनार निर्माण रोजगार उपभोक्ता समिति बागमती गा.पा.-७ (ख) लामिटार | १५३५०७.६ | १४०४८०.५ | खाने पानीकोलागी ५ वटा नयाँ ईनार निमार्ण | बागमती गा.पा.-७ को लामीटारमा ५ वटा ईनार |
| ९ | बगेरी खाने पानी | बगेरी खाने पानी रोजगार उपभोक्ता समिति बागमती गा.पा.-५ | ४१६६२३ | ४१६६२३ | खाने पानीकोलागी ट्याङकी, पाइपलाइन विस्तार र पावर हाउस निमार्ण गरी बगेरीमा खानेपानीको सुविधा। | खाने पानीकोलागी ट्याङकी, पाइपलाइन विस्तार र पावर हाउस निमार्ण |
| | **जम्मा खर्च** | | २७३३०६५ | २०५३२८७ | | |

## स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम

५८. **लक्ष्य प्रतगि :-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वियन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ५परियोजना संचालन गर्न रु १२३८८०००.०० बजेट प्राप्त भएकोमा रु. ९३४७२५१.८८ खर्च भई ७५.४५ प्रतिशत भौतिक प्रगति भएको छ ।

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| सडक | २ | ३४६९०००.० | ३४६९०००.० | १०० | ९८.१३ |
| खहरे नियन्त्रण | १ | ९९१०००.० | ९९१०००.० | १०० | ९९.७६ |
| सिंचाई | २ | ५९४६००० | २९०५००० | ४८ | ४८ |
| खानेपानी | १ | १९८२००० | १९८१९९९ | १०० | ९९.२० |

५८.१. दुई सिंचाई योजनामा २९ लाख ०५ हजार खर्च भएको देखिएतापनि राईगाँउ फाँट सिंचाई योजनामा यस बर्ष काम नभएको कारण भौतिक प्रतति शुन्य रहेको छ । उक्त योजनाबाट १९ लाख १४ हजार कोरना कोषमा ट्रान्सफर गरी खर्च जनाएकोले वित्तिय प्रगति देखिएको छ ।

५८.२. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ ।जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने भएकाले नगरपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ ।

## प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम

५९. **लक्ष्य प्रतगि :-** प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु.१२८८३००० बजेट प्राप्त भएकोमा रु.२८१४२५८.००खर्च भई २१.८४ प्रतिशत वित्तिय प्रगति भएको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखियो।

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| घेरावार | १ | ९९१००० | ९३९८२५ | ९४.७५ |
| मोटरबाटो | २ | ५९४६००० | ९२९८१२ | १५.६२ |
| खानेपानी | १ | ९९१००० | ९४४६२१ | ९५.२५ |
| तटबन्द | १ | ४९५५००० | ० | ० |
| | जम्मा | १२८८३००० | २८१४२५८ | |

५९.१. सडक तर्फ २ योजनामा वित्तिय प्रगति १५.६२ प्रतिशत देखिएतापनि गुरासे रामेछाप पसराम मोटरबाटोमा यस वर्ष कार्य नभएकोले बित्तिय तथा भौतिक प्रगति शून्य रहेको छ ।

## पशु तर्फ (शशर्त)

६०. **नाईट्रजन खरिद** :- सेक्सेड सिमेन खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि २०७५ मा गाइ पालक कृषकले सार्वजनिक निकायमा पेश गरेको निवेदनको आधारमा आवस्यक माग निर्धारण गरी सिमेन खरिद गरी आवस्यकता अनुसार सिमेनको दुरुपयोग नहुने गरी अत्यावस्यक कृषकलाई वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यस वर्ष सेक्सेड सिमेन सुरक्षामा खपत हुने नाईट्रोजन ग्याँस खरिदमा रु. १९३८७८.०० लाख खर्च गरेको छ । नियमानुसार आवस्यकताको पहिचान गरेर अत्यावस्यक कृषकलाई मात्र सिमेन वितरण गर्ने प्रकृया अबलम्वन गरी पशु उत्पादक्तमा बृद्धि गर्नु पर्नेमा उक्त कार्य नगरी साथै कुनै पनि विवरण नराखी सिमेन वितरण गरेको लेखापरीक्षणको क्रममा देखियो । अत सरकारीको रकम सहि सदुपयोग गरी सिमेन वितरण प्रकृयामा बैज्ञानिक पद्दति अवलम्वन गर्नुपर्दछ ।

६१. **अनुगमन :-** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ अनुसार अनुदानबाट संचालन हुने योजनामा उक्त योजना समापन पश्यात अनुगमन गरी त्यसको प्रभाकारिता सम्वन्धि अध्यनन गरी प्रभाव समेत उल्लेख गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ । गाँउपालिकाले यस वर्ष अनुदानमा विभिन्न कार्यक्रम संचालन गरेको एंव यस प्रकारका अनुदानका कार्य विगत वर्ष पनि प्रदान गरिदै आएको अवस्थामा सो कार्यक्रम कति प्रभावकारी भयो सो समवन्धी अनुगमन गरी बास्तविक प्रतिवेदन पेश गर्नुपर्दछ । साथै सालवसाली रुपमा अनुदान अभिलेख अद्यावधिक गरी दोहोरो अनुदान बितरण हुनबाट रोक्नुपर्दछ।

## सामाजिक सुरक्षा तर्फ

६२. **सामाजिक सुरक्षातर्फ :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । अत लाभग्राहीको विवरण अध्यावधिक गर्नुपर्दछ ।

६२.१. गाँउपालिकाले आ व २०७६/७७ मा सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत भुक्तानी गर्नको लागि वडा नं १ देखि ५ सम्म सानिमा बैंक लिमिटेड र वडा नं ६ देखि ९ सम्म ज्योती विकास बैक सँग सम्झौता गरी ९ वटै वडाहरु सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम चौमासिकमा रु. २२९४३२००.०० दोस्रो चौमासिकमा २३७५६८००.०० र तेस्रो चौमासिकमा रु २४०७९०००.०० गरी जम्मा रु. ७०७७९०००.०० सम्वन्धित बैकमा पठाएको छ ।बैकले सम्झौता अनुसार गाँउपालिकाले पठाएको लाभग्राहीको विवरण अनुसार उनीहरुको बैक खातामा जम्मा भएको र विभिन्न कारणले जम्मा हुन नसकेको रकम एकिन गरी गाँउपालिकामा ७०७७९०००.०

| | | |
|---|---|---|
| | पठाउने र आ.व को अन्त्यमा गाउपालिकाले  बाँकी रहेको रकम संचित कोषमा जम्मा गर्नुपर्नेमा बैकले हालसम्म पनि भत्ता वितरण गरेको भरपाई र बाँकी रकमको बिवरण  पठाएको छैन। अत गाँउपालिकाले बैकलाई विवरण र बाँकी रकम फिर्ता गर्न ताकेता गरि वचत रकम एकिन गरी यथासिघ्र केन्द्रिय खातामा जम्मा गर्नुपर्ने रु. | |
| ६३. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार फछ्यौट गर्न बाँकी पेश्की देखिएको रु. | १७४८००० |

| क स | पेश्की लिनेको नाम | फछ्यौंटको अन्तिम म्याद | म्याद ननाघेको रकम | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| १ | एफ.एम. रेडियो संचालक समिति | १२/०१/२०७७ | ० | १०००००० |
| २ | वातावरणीय चेतनाको लागि एकिकृत विकाश | ०२/०५/२०७७ | ४९,००० | ० |
| ३ | वातावरणीय चेतनाको लागि एकिकृत विकाश | ०२/०५/२०७७ | २००००० | ० |
| ४ | भिमवाद देउजर देउराली झोलङ्गे पुल निर्माण उपभोक्ता समिति | ०३/०३/२०७७ | ० | ७४८००० |
| | **जम्मा** | | २४९००० | १७४८००० |

| | | |
|---|---|---|
| ६४. | **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |

अनुसुचि १

## गाँउपालिकाको संचितकोषको विवरण

## २०७६।०७७

प्रदेशः बागमती

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | | आय | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | बागमति गा पा | मकवानपुर | ९३१९९ | २७३०८६ | ८४००४ | २०५७ | १०५९९४ | ४६५१४१ | २१११८८ | १७५०५६ | ९६१२१ | ४८२३६५ | ७५९७५ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

## २०७६।७७

(रु हजारमा)

| स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौ)ट | | | बाङकी बेरुजू | | | वाङकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| बाग्मति गापा | ५० | ३३ | ११०६४७ | ० | २ | १८८ | ५० | ३१ | ११०४५९ | ४६० | ४९०८ | १०३५३० | ० | ० | १०८४३८ | ० | १७४८ | १७४८ |

अनुसुचि ३

## बेरुजुको अध्यावधिक अवस्था

## २०७६।०७७

(रु हजारमा)

| क्र स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | समायोजन | सं प को अनुरोध भएको रकम | सम्परीक्षण भएको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षको बाँकी | यो बर्षको थप | ५८ औ प्रतिवेदन सम्मको बाँकी | ५८ औ प्रतिवेदन सम्मको बाँकी मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बागमति | मकवानपुर | २७५१३ | ० | ० | ० | ० | २७५१३ | ११०४५९ | १३७९७२ | २२९३ |